# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल चैत्र २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको पन्ध्रौं अधिवेशन मिति २०८१ चैत्र २० गते बुधबार राति ११:५९ बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल चैत्र १८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | पूर्वाधार विकास कार्यालय, ललितपुरको रिक्त कार्यालय प्रमुख पदमा प्रदेश ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत दशौं तहमा कार्यरत सि.डि.इ. श्री राजु श्रेष्ठ (सङ्केत नं. १७६४०३) लाई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २३ को उपदफा (१) बमोजिम बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्ने। |
| २. | प्रदेश नीति तथा योजना आयोगको गठन तथा सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्नका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| ३. | नेपाल राजपत्रको भाग ५, खण्ड ७४, सङ्ख्या ५९, मिति २०८१/११/१५ मा प्रकाशित २०८२ साल वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक वर्षसम्म सरकारी तथा सार्वजनिक निकायका लागि नेपाल सरकार, गृह मन्त्रालयको सार्वजनिक बिदासम्बन्धी सूचनामा उल्लिखित बिदाका अतिरिक्त देहाय बमोजिमका सार्वजनिक बिदा घोषणा गर्ने।<br>१. बागमती प्रदेशभर लागु हुने सार्वजनिक बिदा<br>क. प्रदेश सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी दिवस- बैशाख २४ गते बुधबार।<br>ख. गाईजात्रा- साउन २५ गते आईतबार।<br>२. सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरु<br>क. न्वागी (छोनाम) पर्व- भदौ २२ गते आईतबार चेपाङ जातीले मनाउने। (बागमती प्रदेशका चितवन, मकवानपुर र धादिङ जिल्ला भर)।<br>ख. लदी पर्व- फागुन १९ गते मङ्गलबार (प्रत्येक वर्षको फागुन महिनाको तेस्रो मङ्गलबार बागमती प्रदेशभरका माझी समुदायका लागि मात्र)। |
| ४. | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ५. | नेपालको संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (क) बमोजिम संवैधानिक इजलासमा रिट निवेदन दर्ता गर्ने सम्बन्धमा स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।